# मनसुन पूर्वतयारी योजना, २०८२

## शिवसताक्षी नगरपालिका, झापा

कार्यपालिका निर्णयः २०८२-०१-२६

# मनसुन पूर्वतयारी योजना, २०८२

झापा जिल्ला भएर बग्ने ३ दर्जन नदीहरु मध्ये ठूला र बढी क्षति गर्ने नदीहरु झापा जिल्लामा ९ वटा रहेको छन् । यी शिवसताक्षी नगरपालिकाभित्र पर्ने मध्येकन्काई नदी पनि एक हो । कनकाइ नदीको उद्गम स्थलको रुपमा ईलाम र पाचथरजिल्लाको केही भु भाग रहेका छन् । कनकाई नदीको मुख्य सहायक नदीहरु जोगमाई,पुवामाई, देउमाई र माई नदी ईलाम भएर झापामा एकमुष्ठ प्रवेश गरे पछि कनकाईमाई नदी भनेर चिनिन्छ । यो नदीको जलाधार क्षेत्र १,२८४ वर्ग कि.मी रहेको छ । यो नदी माइ खोलाको नामले पनि चिनिन्छ । कनकाइ वा माइ नदीको धार्मिक महत्व रहेको हुदा मकर संक्रान्ति, तीज जस्ता पर्वका वेला यहा ठूलो मेला लाग्ने गर्दछ । कनकाई नदीको माथिल्लो तटमा रहेका इलामको दुई नपा (देउमाई र महमाई ) र एक गापा (माङसेबुङ्ग) तथा तल्लो तट झापामा रहेका दुई नपा (कनकाई ,शिवसताक्षी) र दुई गापा (झापा र गौरीगंज )हरुबाढीको उच्च जोखिममा रहेका छन् । कनकाइ नदीको बाढीबाट झापा र ईलाममा वर्षेनी करिव ८,७०० जना प्रत्यक्ष तथा १,१३,७६१ जना अप्रत्यक्ष रुपमा प्रभावित हुने गरेका छन् ।

यसका अतिरिक्त यस नगरभित्र, भालु खोला, झर्ना खोला, दुधे खोला, सतासी खोला, झिलझिले खोला, डुडामारी खोला, कमल खोला, नुनमाटी खोला, सरदारे खोला, लेलीया खोला लगायत अन्य खोलाहरुबाट वर्षेनी आउने पानीको उच्च वहावले उज्जाउ जमिन कटान, डुवान तथा पुरान गरी धनजनको क्षती गर्ने गरेको छ । वर्षेनी हुने धनजनको क्षती, भौतिक संरचनाहरुको जोखिम न्यूनिकरणका लागि बाढी विपद्को प्रतिकार्य गर्न समुदाय र सरोकारवालाहरुको क्षमता अभिवृद्दि गरी मानविय क्षति शुन्य जिविकापार्जनलाई बचाउने मूल उद्देश्य रहेका छ ।

## स्थानिय विपद् व्यवस्थापन समिति, संयोजक-नगर प्रमुख

| सि. न. | कियाकलाव | जिम्मेवारी | सहयोगी निकाय | समय |
|---|---|---|---|---|
| १ | विपद्मा कार्य गर्ने समिति गठन/अद्यावधिक गर्ने (स्थानिय विपद् व्यवस्थापन समिति, वडा/सामुदायिक विपद् व्यवस्थापन समिति र कार्यदल हरु ) | ·स्थानिय विपद व्यवस्थापन समिति | ·नेपाल रेडकस सोसाईटी / उपशाखा<br>·अन्य संघसस्थाहरु | बैशाख महिना भरिमा |
| २ | पालिका क्षेत्र भित्र पर्ने नदि, खोला, नालाले प्रभाव पार्ने, वडा, समुदाय, टोलहरुको पहिचान गर्ने | ·स्थानिय विपद व्यवस्थापन समिति | · वडा विपद् व्यवस्थापन समिति<br>· नेरेसो उपशाखा र अन्य संघसस्थाहरु | बैशाख महिना भरिमा |
| ३ | बाढीको उच्च जोखिममा रहेको समुदायको शंकटाशन्नता र क्षमताको लेखाजोखागर्ने ( समुदायमा कति जनसंख्या छ, महिला,पुरुष, बालबालिका ,बृद्धबृद्धा,शारिरिक रुपमा असक्षम,गर्भवती र सुत्केरीमहिलाहरुको जानकारी साथै क्षमताहरु के के छन । ) | ·स्थानिय विपद व्यवस्थापन समिति | · वडा विपद् व्यवस्थापन समिति<br>· नेरेसो उपशाखा र अन्य संघसस्थाहरु | बैशाख महिना भरिमा |
| ४ | सबै बाढी जोखिम समुदायहरुको नक्शाकंन गर्ने | ·स्थानिय विपद् व्यवस्थापन समिति | · वडा विपद् व्यवस्थापन समिति<br>· नेरेसो उपशाखा र अन्य संघसस्थाहरु | बैशाख महिना भरिमा |
| ५ | बाढीको उच्च जोखिममा रहेको समुदायहरुमा पुर्वतयारी सामाग्रीहरु - प्राथमिक उपचार बक्स,ट्यूव, टर्चलाईट, लाईफ ज्याकेट, हातेसाइरन, लाईफ ज्याकेट, डोरी आदि) को व्यवस्थापन गर्ने | ·स्थानिय विपद् व्यवस्थापन समिति | · वडा विपद् व्यवस्थापन समिति<br>· नेरेसो उपशाखा र अन्य संघसस्थाहरु | बैशाख महिना भरिमा |
| ६ | आसन्न बाढीबाट हुन सक्ने विस्थापित मानिसहरुको लागि सुर्क्षित आश्रय स्थलको | ·स्थानिय विपद व्यवस्थापन समिति | · वडा विपद् व्यवस्थापन समिति<br>· नेरेसो उपशाखा र अन्य | बैशाख महिना भरिमा |



मेगाहाङ्ग थोप्पा
नगर प्रमुख
शिवसताक्षी नगरपालिका

| | | | | |
|---|---|---|---|---|
| | पहिचान वा निर्माण गर्नुपर्ने । | | संघसस्थाहरु | |
| ७ | जोखिम क्षेत्रमा बसोगर्नेहरुलाई बाढीको सुचना प्राप्त भएपछि सुरक्षित स्थानको पुग्नको लागि सुरक्षित बाटो पहिचान, बाटो, कल्भर्ट,ह्युमपाईप मर्मत सुधार गर्ने | •स्थानिय विपद् व्यवस्थापन समिति | • वडा विपद् व्यवस्थापन समिति<br>• नेरेसो उपशाखा र अन्य संघसस्थाहरु | बैशाख महिना भरिमा |
| ८ | आफनो स्थानिय तहमा स्थानिय आपतकालिन कार्यसंचालन केन्द्र ( LEOC ) तयारी अवस्थामा राख्ने | •स्थानिय विपद् व्यवस्थापन समिति | • वडा विपद् व्यवस्थापन समिति<br>• नेरेसो उपशाखा र अन्य संघसस्थाहरु | जेठ महिनामा |
| ९ | विश्व वातावरण दिवस - June 5 ) मा बाढी सम्बन्धी कृत्रिम घटना अभ्यास गर्ने | •स्थानिय विपद् व्यवस्थापन समिति<br>• वडा विपद् व्यवस्थापन समिति | • वडा विपद् व्यवस्थापन समिति<br>• बाढी उच्च जोखिम समुदायहरु सबै<br>• नेरेसो उपशाखा र अन्यसंघसस्थाहरु | जेठ महिनामा |
| १० | बाढी, कटान तथा डुवानको जोखिममा रहको बस्तीहरुको पहिचान गरि पुर्व सुचना दिने र संचार माध्यमबाट प्रचार प्रसार गर्ने, | •स्थानिय विपद् व्यवस्थापन समिति<br>• वडा विपद् व्यवस्थापन समिति | • सुरक्षा निकायहरु<br>•स्थानिय आपत्कालीन कार्य संचालन केन्द्र<br>•नेरेसो उपशाखाहरु | मनसुन शुरु हुनु पुर्व समय देखि निरन्तर |
| ११ | बर्षा र बाढी सुचनाको लागि बाढी तथा बर्षामापन केन्द्रका सम्पर्क व्यक्तिहरु, प्रभावित समुदायलाई सुचना गर्न सम्पर्क ब्यक्ति, सुरक्षा निकायहरु , रेडकस EOC सम्पर्क नं संकलन वा अद्यावधिक गर्ने | •स्थानिय विपद् व्यवस्थापनसमिति<br>LEOC | • सुरक्षानिकायहरु<br>•स्थानीय आपत्कालीन कार्यसंचालन केन्द्र<br>• नेरेसो उपशाखाहरु र अन्य संघसस्थाहरु | मनसुन शुरु हुनु पुर्व समय देखि निरन्तर |
| १२ | राहत सामाग्रीहरुको उचित भण्डारण गर्ने, आवश्यक्ता अनुसारतत्काल राहत वितरण र गैह्रखाद्य सामाग्री व्यवस्थापन गर्ने | •स्थानिय विपद् व्यवस्थापन समिति | •स्थानीय तह<br>• नेरेसो उपशाखाहरु | जेठको पहिलो हप्ता |
| १३ | विपद् व्यवस्थापन कोषमा न्यूनतम रकम राख्ने | • स्थानीय विपद् व्यवस्थापन समिति | •स्थानीय तह | निरन्तर |
| १४ | सुरक्षा निकायहरुलाई तयारी अवस्थामा राख्ने | •शसस्त्र प्रहरीबल,नेपाल प्रहरी बल | • जिल्ला विपद् व्यवस्थापन समिति | निरन्तर |
| १५ | मुख्य नदि (कनकाइ,बिरिङ्ग) हरुमा बाढी, बर्षाको जानकारी संबन्धीत वडा, समुदाय र नजिकैको स्थानिय तहलाई जानकारी गराउने | •स्थानीय आपतकालिन कार्यसंचालन केन्द्र,<br>•सुरक्षानिकायहरु | • जल तथा मौषम विज्ञान विभाग<br>• जलमापन,बर्षामापन केन्द्रहरु<br>• सुरक्षा निकायहरु | निरन्तर |
| १६ | विपदको समयमा सुचना व्यवस्थापनमा समन्वय गर्ने र एकद्वार प्रणाली अपनाउने | •स्थानिय विपद् व्यवस्थापनसमिति | •सुरक्षा निकायहरु<br>• नेरेसो उपशाखाहरु<br>• स्थानिय संचारमाध्यमहरु | मनसुनको समयमा |
| १७ | Rapid Response Team ( RRT ) | . स्थानीय विपद् व्यवस्थापन समिति<br>. स्वास्थ्य शाखा | • स्वास्थ्य कार्यालय, | निरन्तरता |
| १८ | जनचेतना मूलक संदेश प्रचार प्रसारण गर्ने | . स्थानीय विपद् व्यवस्थापन समिति | स्वास्थ्य शाखा,स्थानिय रेडक्रस, सरोकारबाला निकायहरु | तत्काले |
| १९ | खाद्य सामाग्रीको मौज्दात विवरण अध्यावधिक गर्ने | • स्थानीय तहहरु<br>• कृषि ज्ञान केन्द्र | • उद्योग बाणिज्य संघ, | जेठको पहिलो हप्ता |
| २० | विपद् समयका लागि स्टक राख्ने ( कम्तीमा १ महिनाको लागि ) | • स्थानीय तहहरु, विश्व खाद्यकार्यक्रम | • उद्योग बाणिज्य संघ | जेठको तेश्रो हप्ता |



मेगाहाङ्ग शोपा
नगर प्रमुख

| | | | | |
|---|---|---|---|---|
| २१ | पशु पंक्षीबाट हुन सक्ने संक्रमण विरुद्ध खोप, नियन्त्रण र मृत व्यवस्थापन | · भेटेरीनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र र गा.पा. / न.पा. | · जिल्ला विपद् व्यवस्थापन समिति | नियमित वा विपद् पश्चात |
| २२ | विपद् बाट प्रभावित हुने सम्भावित विद्यालय र विद्यार्थीहरुको विवरण अद्यावधिक गर्ने । | · शिक्षा विकास तथा समन्वय ईकाई कार्यलय | स्थानीय तह | शैक्षिक सत्रको आरम्भमा |
| २३ | संकटासन्न विद्यालयक शिक्षक एवम् वि. व्य. स.सदस्यको सम्पर्क अद्यावधिक गर्ने । | · शिक्षा विकास तथा समन्वय ईकाई कार्यालय र संघसस्थाहरु | स्थानीय तह | शैक्षिक सत्रको आरम्भमा |
| २४ | बाढी प्रभावितहरुलाई उद्धार गर्न उद्धारकर्ता र उद्धार सामाग्री बोट लगायत तयारी अवस्थामा राख्ने | · स्थानिय तह | सुरक्षा निकायहरु , स्थानिय रेडकस र समुदायहरु | बाढीको समयमा |
| २५ | घटना लगत्तै वा पश्चात द्रुत सर्वेक्षण र सुचना संकलन गर्न स्थानीय स्वयमं सेवक परिचालन गर्ने | स्थानिय आपतकालिन कार्यसंचालन केन्द्र, स्थानिय विपद् व्यवस्थापन समिति | ·पालिकाका कर्मचारीहरु<br>·शसस्त्र प्रहरी बल, नेपाल प्रहरी<br>·नेरेसो र समुदाय स्तरको तालिम प्राप्त स्वयमंसेवकहरु, | निरन्तर |
| २६ | विपन्न परिवारहरुलाई आवस्यक खाद्यान्न र गैह खाद्ययान्न राहत विरतण गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | सुरक्षानिकायहरु, स्थानीय रेडकस, अन्य गैह्रसरकारी संघसस्थाहरु | प्राथमिकताको आधारमा |
| २७ | विस्थापितहरुलाई आश्रयस्थलको व्यवस्थापन गर्ने | स्थानीय विपद् व्यवस्थापन समिति | सुरक्षानिकायहरु, स्थानीय रेडकस, अन्य गैह्रसरकारी संघसस्थाहरु | प्राथमिकताको आधारमा |

**मुख्य नदीहरु प्रभावित हुनसक्ने स्थानहरु र आश्रय स्थलहरुको विवरण :**

| क्र.सं. | नदीको नाम | शिवसताक्षी भएर बगेर आउने ठाउँहरु (नदीले प्रभाव पार्ने शिवसताक्षीका भूभागहरु) | आश्रय स्थल |
|---|---|---|---|
| १. | कन्काई माई | वडा नं १०, वडा नं ६, वडा नं ६, वडा नं ५, वडा नं ४ का नदि कानाराका बस्तीहरु | सामुदायीक विद्यालय र सामुदायिक भवन, मन्दिर, हाटबजार टहरा |
| २ | भालु खोला | वडा नं ८ र वडा १० का खोला किनार दुबैतर्फका बस्तीहरु | सामुदायीक विद्यालय र सामुदायिक भवन, मन्दिर, हाटबजार टहरा |
| ३ | सतासी खोला | वडा नं ११, वडा नं ८, वडा नं ७, वडा नं ६ खोला किनार दुबैतर्फका बस्तीहरु | सामुदायीक विद्यालय र सामुदायिक भवन, मन्दिर, हाटबजार टहरा |
| ४ | डुडामारी खोला | वडा नं १, वडा नं ८, वडा नं २, वडा नं ३ खोला किनार दुबैतर्फका बस्तीहरु | सामुदायीक विद्यालय र सामुदायिक भवन, मन्दिर, हाटबजार टहरा |
| ५ | कमल खोला | वडा नं १, वडा नं २, वडा नं ३, वडा नं ४, वडा नं ५ खोला किनार दुबैतर्फका बस्तीहरु | सामुदायीक विद्यालय र सामुदायिक भवन, मन्दिर, हाटबजार टहरा |
| ६ | भालु खोला | वडा नं १० र वडा नं ९ खोला किनाराका दुवैतर्फका बस्तीहरु | सामुदायीक विद्यालय र सामुदायिक भवन, मन्दिर, हाटबजार टहरा |
| ७ | सरदारे खोला | वडा नं १० खोला किनाराका दुबैतर्फका बस्तीहरु | सामुदायीक विद्यालय र सामुदायिक भवन, मन्दिर, हाटबजार टहरा |



मेघाहाङ थोप्रा
नगर प्रमुख
शिवसताक्षी नगरपालिका, झापा

| | | | |
|---|---|---|---|
| ८ | नुनमाटी खोला | वडा नं १० खोला किनाराका दुवैतर्फका बस्तीहरु | सामुदायीक विद्यालय र सामुदायिक भवन, मन्दिर, हाटबजार टहरा |
| ९ | हुँडंदुङ्गे खोला | वडा नं १० खोला किनाराका दुवैतर्फका बस्तीहरु | सामुदायीक विद्यालय र सामुदायिक भवन, मन्दिर, हाटबजार टहरा |
| १० | झर्ना खोला | वडा नं ९ खोला किरानाराका दुवैतर्फका बस्तीहरु | सामुदायीक विद्यालय र सामुदायिक भवन, मन्दिर, हाटबजार टहरा |
| ११ | दुधे खोला | वडा नं ११ खोला किनाराका दुवैतर्फका बस्तीहरु | सामुदायीक विद्यालय र सामुदायिक भवन, मन्दिर, हाटबजार टहरा |
| १२ | झिलझिले खोला | वडा नं ८, वडा नं ७ र वडा नं ६ का खोला किनाराका दुवैतर्फका बस्तीहरु | सामुदायीक विद्यालय र सामुदायिक भवन, मन्दिर, हाटबजार टहरा |
| १३ | लेलिया खोला | वडा नं १, वडा नं २, वडा नं ३ खोला किनाराका दुवैतर्फका बस्तीहरु | सामुदायीक विद्यालय र सामुदायिक भवन, मन्दिर, हाटबजार टहरा |
| १४ | सिँगारी खोला | वडा नं ३ खोला किनाराका दुवैतर्फका बस्तीहरु | सामुदायीक विद्यालय र सामुदायिक भवन, मन्दिर, हाटबजार टहरा |



मेगाहाङ्ग थोप्रा
नगर प्रमुख

## विपद्मा आवश्यक पर्ने पालिका स्तरका प्रमुख साझेदारहरुको संम्पर्क विवरण

| क.सं | कार्यालय वा संस्था | मोबाइल नम्बर | कार्यालयको टेलिफोन | कैफियत |
|---|---|---|---|---|
| १ | झापा गाउँपालिका | ९८०६०७५६१६ | ९८५२६३०९०० | स्थानीय तह |
| २ | जिल्ला प्रशासन कार्यालय, झापा | ९८५२६१७७७७ | ०२३४५५१२५<br>०२३४५५१९१ | कार्यालय |
| ३ | जिल्ला आपतकालिन कार्यसंचालन केन्द्र झापा (DEOC) | - | ०२३ ४५७१२३ | कार्यालय |
| ४ | स्थानिय आपतकालिन कार्यसंचालन केन्द्र झापा (LEOC | ९८१४९५४४७१,<br>९८६३७२५८९३ | - | संम्पर्क व्यक्ति |
| ५ | शसस्त्र प्रहरी बल ( बिओपि महाभारा ) | | - | स प्र नि. |
| ७ | ईलाका प्रहरी कार्यालय, झिलझिले | | | प्र नि |
| ८ | नेपाल रेडक्रस सोसाइटी,झापा जिल्ला शाखा | ९८५२६७२६९८ | ०२३५२०१०२ | जि .सभापति |
| ९ | नेपाल रेडक्रस सोसाइटी ,शिवसताक्षी उपशाखा | ९८०४९१२०२८ | - | सभापति |
| १० | नेपालरेडक्रस सोसाइटी, पाँचगाछी उपशाखा | ९८०६०४५२४७ | - | सभापति |
| ११ | नेपाल स्काउट नगर समिती | ९८०४९६०५८७ | | संयोजक |
| १२ | ईलाका प्रहरी कार्यालय, शिवगञ्ज शाखा | ९८५२०९०४१३ | | स प्र नि. |
| १३ | सतासीधाम जेसीस | ९८०४९३५४५० | | अध्यक्ष |
| १४ | उद्योग वाणिज्य संघ नगर समिति | ९८५२६७२३१९ | | अध्यक्ष |

## बाढी पुर्व सुचनाका लागि जल तथा मौषम विज्ञान विभागका सम्पर्क व्यक्तिहरुको संम्पर्क नं

| क.स. | नाम | ठेगाना | सम्पर्क नं |
|---|---|---|---|
| १ | बाढी पुर्वानुमान टोल फ्रि नं | DHM | **११५५** |
| २ | www.hydrology.gov.np | Login गरि देशैभरिको बर्षा र बाढीको बारे जानकारी लिन सकिन्छ। | |
| ३ | होम रिजाल | बर्षामापन केन्द्र कन्याम | ९८४२६७५३०६, |
| ४ | राजेश राई | बर्षामापन केन्द्र जितपुर | ९८१७९३८२६८ |
| ५ | भिमा राई | बर्षामापन केन्द्र ईलाम बजार | ९८४२६३५९६२ |
| ६ | डिमादोर्जी शेर्पा | बर्षामापन केन्द्र माईपोखरी | ९८०६०४८४८४ |
| ७ | मणिराज गुरुङ्ग | बर्षामापन केन्द्र सोक्तिम | ९८०४९५७७६४ |
| ८ | विकम चेम्जोङ्ग | बर्षामापन केन्द रॉके | ९८५२६८००५३ |
| ९ | विमला राई | बाढीमापन केन्द्र मैनाचुली ( दोमुखा ) | ९८२४०९०७९२ |


## कनकाई नदीको प्रभाव क्षेत्र अन्तर्गतक पुर्व सुचनाकर्ताहरुको विवरण

| क.स. | गापा नपा | वडा र समुदाय | नाम | सम्पर्क नं |
|---|---|---|---|---|
| १ | माई नपा | दानाबारी | हर्क बा. योङ्गहाङ्ग | ९८१७९२६४९७ |
| २ | | महमाई | दिपेन्द्र खत्री | ९८६२६७८८५९ |
| ३ | शिवसताक्षी नगरपालिका | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |



मेगाहाङ्ग थोपा
नगर प्रमुख
शिवसताक्षी नगरपालिका, झापा

झापा जिल्ला स्तरीय बाढी पुर्व सुचना संरचना :






मेमाहाङ्ग थोप्रा
नगर प्रमुख
शिवसताक्षी नगरपालिका, झापा

| | | |
|---|---|---|
| मध्यम | **खाद्य सुरक्षा, कृषि र जीविकोपार्जन / अस्थायी आवास र गैर खाद्य पदार्थ**<br>• खाद्य आपूर्ति भण्डारणको निम्ति पानी नछिर्ने झोला सामुदायिक विपद् व्यवस्थापन समितिलाई वितरण गर्ने<br>• नागरिकता प्रमाणपत्र, राहदानी, जग्गा धनी पुर्जा प्रमाणपत्र, सवारी चालक अनुमति पत्र, शैक्षिक प्रमाण पत्र आदि जस्ता महत्वपूर्ण कागजातहरु राख्नको निम्ति पानी नछिर्ने थैली सामुदायिक विपद् व्यवस्थापन समितिलाई वितरण गर्ने<br>• रबरको पन्जा, रबरको बुट पानी नछिर्ने ज्याकेट, लाइफ ज्याकेट आदि लगायत उद्धार सामाग्री सामुदायिक विपद् व्यवस्थापन समितिलाई वितरण गर्ने<br>• महत्वपूर्ण कागजातहरुलाई पानी नछिर्ने थैलीमा राख्न र खाद्य पदार्थ लगायत अन्य वस्तुहरु पानी नछिर्ने झोलामा राख्न सहजीकरण गर्ने<br>• घरपालुवा पशुहरूलाई पहिचान गरिएका सुरक्षित स्थानमा अस्थायी रूपमा सार्ने | कृषि ज्ञान केन्द्र कार्यालय, नेपाल खाद्य संस्थान, नेपाल उद्योग वाणिज्य महासङ्घ, , स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू), सुरक्षा निकायहरु,नेपाल रेडक्रस सोसाइटी |
| मध्यम | **स्वास्थ्य र पोषण, शिक्षा, खानेपानीर सरसफाई**<br>• पोषण आहार प्याकेट वितरणको व्यवस्था मिलाउने<br>• सङ्कटासन्न समुदायलाई प्राथमिक उपचार किट र पानी निर्मलीकरण घोल वितरण गर्ने<br>• गर्भवती, सुत्केरी महिला तथा नर्सिङ्ग आमाहरुलाई स्वास्थ्य किट वितरण गर्ने | स्वास्थ्य कार्यालय, जिल्ला विपद् व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, खानेपानी तथा सरसफाई कार्यालय, नेपाल रेडक्रस सोसाइटी |
| न्यून | कार्यविधि १ (साधारण पूर्व तयारी) र कार्यविधि २ मा उल्लेखित सम्पूर्ण गतिविधिहरु सबै सम्भाव्यता स्तरका लागि सम्बन्धित निकायहरुद्वारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | पहिले निर्धारण गरिए अनुरुप |



मेगाहाङ थोपा
नगर प्रमुख
शिवसताक्षी नगरपालिका, झापा

कनकाई नदीको जलसतह र वर्षा थ्रेसहोल्ड:

| जलसतह | कनकाई नदि जल सतह (मिटर) मैनाचुली जलमापन केन्द्र | समग्र वर्षा ( मिलीमिटर )कनकाई जलाधारमा रहेको बर्षामापन केन्द्रहरु | | | | |
|---|---|---|---|---|---|---|
| | | १ घण्टा | ३घण्टा | ६ घण्टा | १२ घण्टा | २४ घण्टा |
| सतर्कता सतह | ३.८ मिटर | ६० मि.मि. | ८०मि.मि. | १००मि.मि. | १२०मि.मि. | १४०मि.मि. |
| खतरा सतह | ४.३ मिटर | - | - | - | - | - |

## ३ दिने पूर्वानुमानका लागि बाढी पूर्वतयारीभूमिका तथा उत्तरदायित्व तालिका :

(क) ट्रिगर संयन्त्र:

जल तथा मौसम विज्ञान विभाग र क्षेत्रीय एकीकृत बहुप्रकोप पूर्व सूचना प्रणाली (RIMES) को कन्काई जलाधारमा ३ दिने गणितीय मौसम पूर्वानुमान, र विश्वव्यापी बाढी सचेतना प्रणाली (GloFAS) को कन्काई नदीको मैनाचुली जलमापन केन्द्रमा ३ दिने जल प्रवाहको पूर्वानुमानको उपलब्धतामा कार्यविधि **3** सक्रिय हुन्छ ।

| **पूर्वानुमान** | **उच्च सम्भाव्यता** | **मध्यम सम्भाव्यता** | **निम्न सम्भाव्यता** |
|---|---|---|---|
| जल तथा मौसम विज्ञान विभाग र क्षेत्रीय एकीकृत बहुप्रकोप पूर्वसूचना प्रणाली (RIMES) को ३ दिने गणितीय मौसमपूर्वानुमान | ३ दिनमा १८० मिलिमिटर भन्दा बढी वर्षा हुने | ३ दिनमा (६०-१८०) मिलिमिटर वर्षा हुने | ३ दिनमा ६० मिलिमिटर भन्दा कम वर्षा हुने |
| विश्व बाढी सतर्कता प्रणाली (GloFAS) | ३ दिनमा खतरा स्तर नाघ्ने सम्भाव्यता (>७०%) | ३ दिनमा खतरास्तर नाघ्ने सम्भाव्यता(५०-७०%) | ३ दिनमा खतरास्तर नाघ्ने सम्भाव्यता (<५०%) |

**(ख) भूमिका तथा उत्तरदायित्व तालिका**

| **ट्रिगर लेभल (कहिले)** | **सम्पन्न गर्नु पर्ने कार्यको विवरण (के)** | **जिम्मेवार निकायहरु (को)** |
|---|---|---|
| उच्च | कार्यविधि १ र २ मा उल्लेखित सम्पूर्ण गर्तिविधिहरु सबै सम्भावित स्तरका लागि सम्बन्धित निकायहरुद्वारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | पहिले नै निर्धारण गरिएको |
| | **समन्वय, सूचना तथा संचार**<br>• जल तथा मौसम विज्ञान विभागले जारी गरेको मौसम पूर्वानुमानबारे जिल्ला र स्थानीय स्तरका सम्पूर्ण सरोकारवालाहरु, क्लस्टर प्रमुख तथा उपप्रमुखलाई जानकारी गराउने ।<br>• जिल्ला विपद् व्यवस्थापन समिति बैठक बोलाउने हरेक क्लस्टरका लागि समन्वय बैठक गर्ने<br>• स्थानीय विपद् व्यवस्थापन समितिको बैठक बस्ने<br>• समन्वयकारी रणनीतिक प्रतिकार्य योजना तयारीका निम्ति क्लस्टर बैठक बस्ने<br>• स्थानीय तहमा कार्यरत कर्मचारी, विपयगत समुहका सदस्य, सबैलाई बिदामा नबस्न निर्देशन गर्ने<br>• निर्माण व्यवसायी, मेडिकल तथा प्रहरी प्रशासनसँग आवश्यक समन्वय गर्ने<br>• भएगरेका निर्णयहरुको अनुगमन गर्ने | जिल्ला आपत्कालिन कार्य सञ्चालन केन्द्र, जिल्ला समन्वय समिति, स्थानीय तह (गाउँपालिका र नगरपालिकाहरू) |
| | **खोज तथा उद्दार** | स्थानीय तह |

| | | |
|---|---|---|
| | • जिल्ला एवं स्थानीय स्तरमा खोज तथा उद्धार प्रतिकार्य प्रणाली स्थापना, कायम र प्रबन्ध गर्ने<br>• कमान्ड पोस्टको विकास गर्ने, असुरक्षित परिवारसम्म पुग्ने सम्पूर्ण मौजूदा मार्गको पहिचान गर्ने<br>• सङ्टासन्न समुदायको नजिकै तयारी अवस्थामा बसेका खोज तथा उद्धार टोली, उनीहरुका पहुँच र स्रोतसाधन अनुगमन गर्ने<br>• जिल्ला विपद प्रतिकार्य टोलीको परिचालन, सम्भावित बाढीको खतरा भएको गाउँहरु, अस्थायी आश्रयस्थल र शिविरहरुमा चिकित्सा टोली परिचालन गर्ने | (गाउँपालिका र नगरपालिकाहरू),सुरक्षा निकायहरु |
| उच्च | **खाद्य सुरक्षा, कृषि र जीविकोपार्जन / अस्थायी आवास र गैर खाद्य पदार्थ**<br>• आवश्यक देखिएको खण्डमा अस्थायी शिविर र टेण्ट सुरक्षित स्थानमा तयारी अवस्थामा राख्ने<br>• बाढी पीडित आश्रयस्थल र शिविरहरुमा १ देखि ३ दिनसम्म पुग्ने पर्याप्त ड्राई फुड स्थान्तरित गर्ने (मानवीय र पशुपंक्षी हरुको लागी समेत)<br>• खाद्य पदार्थको अभाव हुन नदिन खाद्य सामाग्री बेचबिखन गर्ने संस्था, उद्योग वाणिज्य संघलाई सजग गर्ने<br>• राहत सामाग्रीहरु संभावित विपद क्षेत्रमा नै पुर्याई सुरक्षित स्थानमा भण्डारण गरिराख्ने<br>• जनशक्तिलाई तयारी अवस्थामा राख्ने<br>• अन्तर विषयगत समूहको समन्वय बैठक गर्ने | कृषि विकास कार्यालय, नेपाल खाद्य संस्थान, नेपाल उद्योग वाणिज्य महासङ्घ, , स्थानीय तह<br>(गाउँपालिका र नगरपालिकाहरू), सुरक्षा निकायहरु,नेपाल रेडक्रस सोसाइटी |
| | **स्वास्थ्य र पोषण, शिक्षा, खानेपानीतथा सरसफाई**<br>• सङ्टासन्न समुदायलाई प्राथमिक उपचार किट, मभलकप्नथ किट र पानी निर्मलीकरण घोल वितरण गर्ने<br>• घुम्ती क्लिनिकको स्थापना र परिचालनका लागि सम्पूर्ण आवश्यक प्रबन्ध मिलाउने<br>• किटजन्य रोगबाट बाच्नको झुल वितरण कार्यक्रम<br>• पानी प्रदुषण जाँच सम्बन्धमा फिल्ड टेष्ट किट सहित तालिम प्राप्त प्राविधिकहरुको परिचालन<br>• बढीको उच्च जोखिम बारे स्वास्थ्य कर्मी च्च्ट र ऋ(च्च्ट लाई जानकारी गराई वृद्ध, बालबालिका, गर्भवती र सुत्केरी आमा आदिको लागी सुरक्षित वासस्थान तथा खानबस्न व्यबस्था मिलाउने<br>• आवश्यक सामाग्रीहरुलाई स्थानीय सेवा प्रदायक संस्था र वंडा कार्यालयहरुमा पुर्याउने | स्वास्थ्य कार्यालय, जिल्ला विपद व्यवस्थापन समिति, स्थानीय विपद् व्यवस्थापन समिति, खानेपानी तथा सरसफाई कार्यालय, नेपाल रेडक्रस सोसाइटी |
| | **संरक्षण**<br>• अति संकटापन्न क्षेत्रका वृद्धवृद्धा, अपाङ्गता भएका र खाँचोमा परेका मानिसहरुका लागि अन्यत्र सार्ने प्रक्रिया शुरु गर्ने<br>• अपाङ्गता भएका व्यक्ति, बृद्धबृद्धा, गर्भवती, सुत्केरी, स्तनपान गराइराखेका आमाहरु, बालबालिका, महिला आदिप्रति विशेष संरक्षण प्रदान गर्ने व्यवस्था मिलाउने | स्थानीय तहका महिला तथा बालबालिका कार्यालय, नेपाली सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरी बल, स्थानीय विपद व्यवस्थापन समिति |
| | तल उल्लेखित मध्यम सम्भव्यता स्तरको लागि निर्दिष्ट गरिएका क्रियाकलापहरु समेत गर्ने | तल निर्धारण गरिएको |
| | कार्यविधि १ र २ मा उल्लेखित सम्पूर्ण गतिविधिहरु सबै सम्भाव्यता स्तरका लागि सम्बन्धित निकायहरुद्वारा सम्पन्न गरिएको सुनिश्चित गर्ने | प्रक्रिया १, २ मा निर्धारण गरिए अनुरुप |
| | **समन्वय, सूचना तथा संचार**<br>अनुगमन तथा मूल्याङ्कन टोली गठन गर्ने | जिल्ला प्रशासन कार्यालय, जिल्ला समन्वय समिति, स्थानीय तह(गापा र नपाहरू) |



मेगराज थापा
नगर प्रमुख
शिवसताक्षी नगरपालिका, झापा